नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलीडार)

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
## आयोजना समन्वय इकाई

एकान्तकुना, जावलाखेल
ललितपुर

प.स.०६६७/६८ मिति:-२०६७।०६।१७

च.नं. २६०२

विषय:- **दशै पेश्की र Per Diem माग गरीएको संवन्धमा ।**

श्री जिल्ला प्राविधिक कार्यालय
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना,
जिल्ला आयोजना कार्यालय,
झापा, पाँचथर, ईलाम, मोरङ्ग, सुनसरी, धनकुटा, चितवन, काठमाण्डौ, भक्तपुर, ललितपुर, मनाङ्ग, मुस्ताङ्ग, पर्वत, रुकुम, रोल्पा र डडेल्धुरा ।

उपरोक्त सम्वन्धमा यस आयोजना लागु भएका Core जिल्लाहरुको जिल्ला आयोजना कार्यालयमा Individual Consultant को रुपमा कार्यरत Assistant Sub-Engineer र Social Mobilizer हरुले फिल्डमा जांदा Per Diem र दशै पेश्की पाउनु पर्ने बिषयमा संयुक्त रुपमा माग राखी लेखिएको विभिन्न मितिका निवेदनहरु यस आयोजना कार्यालयमा प्राप्त भइरहेकाले यस आयोजना कार्यालयको ध्यानार्काषण भएको छ । यस सम्वन्धमा PCU र Individual Consultant हरुको बिचमा भएको संम्झौतामा निवेदनमा माग गरीएका विषयहरुको बारेमा उल्लेख नभएकोले संम्झौता पत्रमा उल्लेख नभएका शिर्षकहरुको भुक्तानी दिन नमिल्ने ब्यहोरा जानकारी गराईन्छ । साथै Field Trip को संबन्धमा यस कार्यालयको मिति २०६६।४।३२ च. न. १४५ को पत्रद्धारा स्प्रष्ट पारी सकिएकोले पुन: जानकारीको लागि सो मितिको पत्रको प्रतिलिपि यसै पत्रसाथ संलग्न छ ।

सुनिल कुमार दास
सि. डि. इ.

फोन : ५५३६६९०, ५५३७०७४, ५५३६६९१, ५५३५१७३ (आयोजना संयोजक)
फ्याक्स : ९७७-१-५५३१११९, E-mail : rrrsdp@dolidar.gov.np./info@rrr.gov.np, Website: www.rrr.gov.np

नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (डोलिडार)

# ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
## आयोजना समन्वय इकाई

प.स. ०६६/६७
च.नं.: १५५

मिति: २०६६।८।३२

विषय: Individual Consultants को सम्झौतामा थप स्पष्ट पारिएको बारे ।

श्री जिल्ला प्राविधिक कार्यालय
ग्रामीण पुनर्निर्माण तथा पुनर्स्थापना आयोजना
जिल्ला आयोजना कार्यालय:
पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, काठमाण्डौं, भक्तपुर, ललितपुर, चितवन, मनाङ, पर्वत, मुस्ताङ, रुकुम, रोल्पा र डडेलधुरा (१६ जिल्ला) ।

यस आयोजनाबाट त्यस जिल्ला आयोजना कार्यालय अन्तर्गत काम गर्ने गरी पठाइएका Social Mobilizer तथा Assistant Sub Engineer हरु त्यस कार्यालयमा पुगी काम काज शुरु गरेकै हुनुपर्दछ । उक्त Individual Consultant हरु सँगको सम्झौतामा उल्लेख गरेका कुराहरुलाई थप स्पष्ट गर्न आवश्यक देखिएकोले निम्न अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

१। जिल्ला आयोजना कार्यालयमा Individual Consultant को रुपमा पठाईएका Social Mobilizers तथा Assistant Sub Engineers लाई District Implementation Support Team (DIST) अन्तर्गत रहने गरी काम काजमा खटाउने व्यवस्था मिलाउने । उनीहरुको Time sheet DIST Team Leader बाट recommendation गर्ने व्यवस्था मिलाउने र आयोजना प्रमुखले प्रमाणित गर्ने ।

२। Individual Consultant हरुको Remuneration, Timesheet को आधारमा मासिक रुपमा भुक्तानी गर्दै जाने ।

३। Out of Pocket expenses र Provisional sum अन्तर्गतको Item को भुक्तानी As per Actual (वास्तविक खर्च अनुसार) को आधारमा भुक्तानी गर्ने ।

४। Out of Pocket expenses र Provisional sum को खर्च भुक्तानी गर्दा बिल भरपाई अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

५। Provisional sum अन्तर्गतको रकम खर्च गर्नु पूर्व DPO प्रमुखले प्रस्ताव स्वीकृत गर्नुपर्ने ।

६। Contingency शिर्षकको खर्च गर्नु पूर्व PCU को सहमती लिनु पर्ने ।

७। Transportation during Field visit को भुक्तानी Field गएको बेला Transportation (बसभाडा, यातायात भाडा) मा लाग्ने वास्तविक खर्च भुक्तानी गर्ने । १ Trip भन्नाले एक पटक Field मा जाँदा र आउँदा गरी लाग्ने कुल यातायातको साधनको प्रयोगलाई जनाउँदछ ।

८। Individual Consultant हरु Field based भएको हुँदा Field जाँदाको लागि सम्झौता अनुसार Daily Allowance को व्यवस्था नभएको ।

९। Individual Consultant हरुलाई चाहिने Stationary र अन्य Logistics Support कार्यालयमा भएको बजेटको आधारमा जिल्ला आयोजना कार्यालयबाट खर्च गर्ने व्यवस्था मिलाउने ।

१०। सार्वजनिक बिदा बाहेक अन्य बिदाको व्यवस्था नभएको ।

११। Field जानु पूर्व DIST Team Leader को सिफारिशमा DPO प्रमुखले Travel Order स्वीकृत गर्ने ।

भीम प्रसाद उपाध्याय
उपमहानिर्देशक, आयोजना संयोजक

बोधार्थ:
श्री जिल्ला विकास समितिको कार्यालय,
पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, काठमाण्डौं, भक्तपुर, ललितपुर, चितवन, मनाङ, पर्वत, मुस्ताङ, रुकुम, रोल्पा र डडेलधुरा (१६ जिल्ला) ।

फोन: ५५४३१९७, ५०००१२८ (डाइरेक्ट), ५५५५००१, ५५४६३५५ (एक्स्टेन्शन- २०५, २०७, २०८), फ्याक्स: ५००००७
Website: www.dolidar.gov.np, E-mail: rrrsdp@dolidar.gov.np